

नेपाल गजेट

भाग २

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १५]काठमाडौं, भाद्र १४ गते २०२२ साल [अतिरिक्ताङ्क १४[क]

श्री ५ को सरकार

कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जनकारीको लागि प्रकाशित गरिएको छ ।

२०२२ सालको ऐन नं. १५

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला ओजस्विराजन्य अति तेजस्वी त्रिभुवन प्रजातन्त्रश्रीपद अति कीर्तिमय नेपालश्रीपद प्रोज्ज्वल नेपालतारा ॐ रामपट्ट अतुलज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखादक्षिणबाहु महाधिपति अतिरथी परमसेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

पेटेण्ट डिजायन र ट्रेडमार्कको दर्ता गर्ने व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना:– सर्वसाधारण जनताको सुविधा तथा आर्थिक हितको निमित्त पेटेण्ट, डिजायन र ट्रेडमार्कका सम्बन्धमा समयोचित कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाई बक्सेको छ ।

आधिकारिकता २०६० मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

परिच्छेद–१
प्रारम्भिक कथन

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः– (१) यस ऐनको नाम "पेटेण्ट डिजायन र ट्रेडमार्क ऐन, २०२२" रहेकोछ ।

(२) यो ऐन नेपाल अधिराज्य भर लागू हुनेछ ।

(३) यो ऐन तुरून्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः– विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमाः–

(क) "पेटेण्ट" भन्नाले कुनै पदार्थ वा पदार्थ समूहको बनावट, सञ्चालन वा प्रशारको नयाँ उपाय वा तरीका सम्बन्धी वा कुनै नयाँ सिद्धान्त वा फर्मुलाद्वारा पत्ता लगाइएको कुनै उपयोगी आविस्कार सम्झनु पर्छ ।

(ख) "डिजायन" भन्नाले कुनै प्रकारले तयार गरी बनाइएको बस्तुको छाँट रूप वा आकार सम्झनु पर्छ ।

(ग) "ट्रेडमार्क" भन्नाले यो माल यसले बनाएको भन्ने जनाई उत्पादित मालमा लगाईने चिह्न सम्झनु पर्छ ।

(घ) "विभाग" भन्नाले श्री ५ को सरकारले नेपाल गजेटमा सूचना प्रकाशित गरी तोकि दिएको विभाग सम्झनु पर्छ र त्यस्तो न तोकिएसम्म उद्योग विभागलाई सम्झनु पर्छ ।

(ङ) "अनसूची" भन्नाले यस ऐनको अनुसूची सम्झनु पर्छ ।

परिच्छेद–२
पेटेण्ट

३. पेटेण्ट उपर अधिकार प्राप्त गर्नेः– (१) कुनै पेटेण्ट उपर अधिकार प्राप्त गर्न चाहने व्यक्तिले सो पेटेण्ट यस ऐन बमोजिम आफ्नो नाममा दर्ता गराउनु पर्छ ।

(२) यस एन बमोजिम कुनै व्यक्तिको नाममा दर्ता भएको पेटेण्ट दफा ८ मा लेखिएको अवधिसम्म अरू कसैले नक्कल गर्न वा निजको लिखित मञ्जुरी नलिई आफ्नो वा अरूको नामबाट चलाउन वा उपयोग गर्न हुँदैन ।

(३) यस ऐन बमोजिम कुनै व्यक्तिको नाममा दर्ता भएको पेटेण्ट निजले चल सम्पत्ति सरह अरू कुनै व्यक्तिलाई कुनै किसिमले हस्तान्तर गरी दिन हुन्छ ।

तर त्यस्तो हस्तान्तरबाट सो पेटेण्ट उपर अधिकार पाउने व्यक्तिले सो पेटेण्टका सम्बन्धमा विभागमा रहेको दर्ता किताबमा दफा ९ बमोजिम दाखिल खारीज नगराई कुनै किसिमले पेटण्टबाला बाहेक अरूको वा आफ्नो नामबाट चलाउन वा उपयोग गर्न हुँदैन ।

आधिकारिकता ट्रेडमार्क विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. पेटेण्ट उपर अधिकार प्राप्त गर्न दरखास्त दिनु पर्ने:– (१) कुनै पेटेण्ट आफ्नो नाममा दर्ता गराउन चाहने व्यक्तिले आफ्नो भएसम्मको सबूत प्रमाण सहित निम्नलिखित कुराहरू खुलाई अनुसूची १ (क) बमोजिमको ढाँचामा विभागमा दरखास्त दिनु पर्छ :–

(क) सो पेटेण्ट आविस्कार गर्ने व्यक्तिको नाम, ठेगाना र पेशा,

(ख) दरखास्तवाला आफैले सो पेटेण्ट आविस्कार गरेको न भएमा सो आविस्कार गर्ने व्यक्तिबाट दरखास्तवालाले के कुन किसिमबाट कस्तो हक प्राप्त गरेको हो,

(ग) सो पेटेण्ट बनाउने सञ्चालन वा उपयोग गर्ने तरीका,

(घ) सो पेटेण्ट कुनै खास सिद्धान्त वा फर्मुलामा आधारीत भए सो सिद्धान्त वा फर्मुला ।

(२) उप-दफा (१) बमोजिमको दरखास्तका साथ दरखास्तवालाले सो पेटेण्टको फोटो ब्लक भए सो र अनुसूची ३ (१) को (क) मा तोकिएको दरखास्त दस्तूर समेत दाखील गर्नु पर्छ ।

५. विभागबाट जाँच बुझ:– (१) दफा ४ बमोजिमको दरखास्त दाखील भए पछि विभागले आवश्यक देखेमा विशेषज्ञहरूको सल्लाह समेत लिई दरखास्तमा लेखिएको पेटेण्ट नयाँ आविस्कार भएको हो होइन र सर्वसाधारणलाई उपयोगी छ छैन भन्ने कुराको जांच बुझ र अध्ययन गरी सो पेटेण्ट दर्ता गर्न हुने वा नहुने कुराको यकीन गर्ने छ ।

(२) दफा ६ बमोजिम कुनै पेटेण्ट दर्ता गर्न नहुने देखेमा विभागले दरखास्तवालालाई निजको दरखास्त बमोजिम पेटेण्ट दर्ता हुन नसक्ने कुराको सूचना दिन पर्छ ।

(३) उप-दफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विदेशी आविस्कारकले निजको देश र अरू कुनै तीन देशहरूमा आफ्नो आविस्कार पेटेण्ट सम्बन्धी कानून अनुसार दर्ता गराई सकेको भए त्यस्तो पेटेण्टका सम्बन्धमा विभागबाट जाँच बुझ गर्न आवश्यक हुने छैन ।

६. पेटेण्ट दर्ता हुन नसक्ने:– (१) देहायका अवस्थामा विभागले यस ऐन बमोजिम पेटेण्ट दर्ता गर्न हुँदैन ।

(क) पहिले नै अरू कसैको नाममा दर्ता भइसकेको रहेछ, वा

(ख) दरखास्तवालाले दर्ता गराउन चाहेको पेटेण्ट आफैले आविस्कार नगरेको र आविस्कार गर्ने व्यक्तिबाट हक पनि प्राप्त न गरेको रहेछ, वा

(ग) दर्ता गराउन चाहेको पेटेण्टबाट सर्वसाधारण जनताको स्वास्थ्य सदाचार, वा नैतिकता वा राष्ट्रिय हितमा कुनै प्रतिकल असर पर्ने रहेछ, वा

(घ) कुनै प्रचलित नेपाल कानूनको वर्खिलाप हुनेरहेछ भने,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर खण्ड (क) मा लेखिएको कुनै कुराले दफा ९ बमोजिम पेटेण्टको दर्ता दाखील खारिजगर्न बाधा पुऱ्याएको मानिने छैन ।

(२) उप-दफा (१) मा लेखिएको अवस्थामा विभागले दर्ता भइसकेको कुनै पेटेण्टको दर्ता बदर गर्न सक्नेछ ।

तर सो बमोजिम कुनै पेटेण्टको दर्ता बदर गर्नु भन्दा अगावै विभागले पेटेण्टवालालाई सो पेटेण्टको दर्ता बदर हुनु नपर्ने कुनै कारण भए देखाउन मनासिब माफिकको मौका दिनु पर्छ ।

७. पेटेण्टको दर्ता:– (१) दफा ६ बमोजिम दर्ता गर्न नहुने अवस्थामा बाहेक पेटेण्ट दर्ता गराउन दफा ४ बमोजिम दरखास्त दाखील भएपछि विभागले दफा ५ बमोजिम आवश्यक जाँच बुझ गरी दरखास्त वालालाई अनुसूची २ (क) बमोजिमको ढाँचामा दर्ताको प्रमाण पत्र दिनु पर्छ ।

(२) उप-दफा (१) बमोजिमको प्रमाणपत्र प्राप्त गर्नको निमित्त दरखास्तवालाले विभागलाई अनुसूची ३ (१) को (ख) मा तोकिए बमोजिमको दर्ता दस्तूर बुझाउनु पर्छ ।

८. पेटेण्टको अवधि:– दफा ९ बमोजिम अगावै बदर भएकोमा बाहेक पन्ध्र वर्षसम्म सो पेटेण्ट उपर पेटेण्टवालाको हक कायम रहने छ र सो अवधिपछि सो पेटेण्टको अवधि समाप्त भएको मानिनेछ ।

तर पेटेण्टवालाले सो आविस्कारको राम्रो सुधार गर्दै गएको छ भन्ने लागेमा विभागले पन्ध्र पन्ध्र वर्षको पटक गरी जम्मा दुई पटकसम्म सो पेटेण्ट बहाल रहने अवधि बढाउन सक्नेछ ।

९. पेटेण्टको दर्तावालाको नाम दाखील खारीज:– (१) कुनै पेटेण्टवालाले आफ्नो नाममा दर्ता भएको कुनै पेटेण्ट उपर आफ्नो हक छाडि अरू कसैलाई हस्तान्तर गरेमा सो पेटेण्ट हस्तान्तर गराई लिने व्यक्तिले पेटेण्टको दर्ता किताबबाट सो पेटेण्टवालाको नाम खारीज गरी आफ्नो नाममा सो पेटेण्ट दर्ता गराउन विभागमा दरखास्त दिनु पर्छ ।

(२) उप-दफा (१) बमोजिम कसैको दरखास्त परेमा विभागले दर्ता किताबमा नाम दर्ता रहेको पेटेण्टवालालाई दरखास्त बमोजिम नाम दाखील खारीज गर्ने कुरामा कुनै आपत्ति भए पन्ध्र दिनभित्र विभागमा उजूर गर्नु भनी सुचना दिनु पर्छ र सो म्यादभित्र निजको कुनै उजूर परी हक बेहक गर्नु पर्ने देखिएमा अदालतबाट हक बेहक गराई आएमा कारवाई गर्ने गरी सो दाखिल खारीजको कारवाई मुलतबि गरी दिन र सो म्यादभित्र कुनै उजूर न परेमा दरखास्त बमोजिम नाम दाखील खारीज गरी दिनु पर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) यस दफा बमोजिम नाम दाखील खारीज गराउन चाहने दरखास्तवालाले आफ्नो दरखास्तका साथै दाखील खारीज दस्तूर बापत पचीस रूपैयाँ विभागमा बुझाउनु पर्छ ।

१०. पेटेण्टको नक्सा वा नमुना सरकारी म्यूजियममा दाखील गर्ने:– यस ऐन बमोजिम दर्ता भएको पेटेण्ट अनुसार तयार हुने बस्तुको एक प्रति नक्सा वा नमुना पेटेण्टवालाले सरकारी म्यूजियम समेतलाई दिनु पर्छ ।

११. दफा ३ को उल्लंघन गरेमा हुने सजाय:– कसैले दफा ३ को उप–दफा (२) मा वा उप-दफा (३) को प्रतिबन्धात्मक बाक्याँशमा लेखिएको कुनै कुराको उल्लंघन गरी कुनै काम गरेमा वा गर्ने उद्योग गरेमा वा सो गर्ने दुरूत्साहन दिएमा निजलाई विभागको आदेशले पाँच सय रूपैयाँसम्म जरिवाना हुन सक्नेछ र सो कसूरसंग सम्बन्धित चिज बस्तु सबै जफत हुनेछ ।

परिच्छेद–३

डिजायन

१२. डिजायनमा हक प्राप्त गर्ने:– (१) कसैले आफूले बनाएको वा बनाउन लगाएको कुनै बस्तुको डिजायन दफा १४ बमोजिम विभागमा दर्ता गराई सो डिजायन उपर यस ऐन बमोजिमको हक प्राप्त गर्न सक्नेछ ।

(२) दफा १४ बमोजिम कुनै व्यक्तिका नाममा दर्ता भएको कुनै डिजायन सो व्यक्तिको लिखित मञ्जूरी विना कसैले उपयोग गरी वा सर्वसाधारणलाई झुक्याउन सकिने किसिमबाट त्यस्तो डिजायनको नक्कल गरी कुनै चिज बस्तु बनाउन हुँदैन ।

१३. डिजायनको दर्ताको निमित्त दरखास्त:– (१) आफूले बनाएको वा बनाउन लाएको कुनै चीज बस्तुको डिजायन दफा १४ बमोजिम दर्ता गराउन चाहने व्यक्तिले सो डिजायनको चार प्रति नमूना सहित अनुसूची १ (ख) बमोजिमको ढाँचामा विभागमा दरखास्त दिनु पर्छ ।

(२) उप-दफा (१) बमोजिम दरखास्त दिने व्यक्तिले आफ्नो दरखास्तका साथै अनुसूची ३ (२) को (क) मा तोकिए बमोजिमको दरखास्त दस्तूर विभागमा बुझाउनु पर्छ ।

१४. डिजायनको दर्ता:– (१) दफा १३ बमोजिम कसैको दरखास्त परेमा विभागले सो डिजायन दरखास्तवालाको नाममा दर्ता गरी अनुसूची २ (ख) बमोजिमको प्रमाण पत्र दिनु पर्छ ।

तर–त्यस्तो डिजायनबाट कुनै व्यक्ति वा संस्थाको प्रतिष्ठामा धक्का पुग्ने वा सर्व-साधारण जनताको सदाचार वा नैतिकतामा नराम्रो प्रभाव पर्ने वा राष्ट्रिय हितको प्रतिकूल

आधिकारिकता सुरक्षण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

हुने रहेछ वा सो डिजायन अघिनै अरू कसैको नाममा दर्ता भै सकेको रहेछ भने यस उप-दफा बमोजिम दर्ता गरिने छैन ।

(२) उप-दफा (१) बमोजिमको प्रमाणपत्र प्राप्त गर्नको निमित्त दरखास्तवालाले अनुसूची ३ (२) को (ख) मा तोकिए बमोजिमको डिजायनको दर्ता दस्तूर विभागमा दाखील गर्नु पर्छ ।

(३) उप-दफा (१) को प्रतिबन्धात्मक बाक्याँशमा लेखिएको कुनै अवस्था छ भन्ने लागेमा विभागले कुनै डिजायनको दर्ता वदर गर्न सक्ने छ ।

तर सो बमोजिम कुनै डिजायनको दर्ता वदर गर्नु भन्दा अगावै विभागले सो डिजायनवालालाई सो डिजायनको दर्ता वदर हुनु नपर्ने कुनै कारण भए देखाउन मनासिव माफिकको मौका दिनु पर्छ ।

१५. दफा १२ उल्लंघन गर्ने व्यक्तिलाई हुने सजायँः– कसैले दफा १२ को उप-दफा (२) उल्लंघन गरेमा वा दफा १४ को उप-दफा (३) बमोजिम विभागले वदर गरेको डिजायन चलाएमा विभागको आदेशले दुई सय रूपैयाँसम्म जरिवाना हुन सक्नेछ र सो कसूरसंग सम्बन्धित सबै चीज बस्तुहरू समेत जफत हुनेछ ।

परिच्छेद–४

ट्रेडमार्क

१६. ट्रेडमार्कमा हक प्राप्त गर्नेः– (१) कसैले आफ्नो बन्द व्यापार वा कारोवारको ट्रेडमार्क दफा १८ बमोजिम विभागमा दर्ता गराई सो ट्रेडमार्क उपर यस ऐन बमोजिमको हक प्राप्त गर्न सक्नेछ ।

(२) दफा १८ बमोजिम कुनै व्यक्तिका नाममा दर्ता भएको ट्रेडमार्क सो व्यक्तिको लिखित मञ्जूरी विना कसैले आफ्नो उपयोगमा ल्याउन वा सर्वसाधारण जनतालाई झुक्याउन सकिने किसिमबाट त्यसको नक्कल गरी ट्रेडमार्क चलाउन हुँदैन ।

१७. ट्रेडमार्कको दर्ताको निमित्त दरखास्तः– (१) आफ्नो बन्द व्यापार वा कारोवारको ट्रेडमार्क दफा १८ बमोजिम दर्ता गराउन चाहने व्यक्तिले सो ट्रेडमार्कको ४ प्रति नमूना सहित अनुसूची १ (ग) बमोजिमको ढाँचामा विभागमा दरखास्त दिनु पर्छ ।

(२) उप-दफा (१) बमोजिम दरखास्त दिने व्यक्तिले आफ्नो दरखास्तका साथै अनुसूची ३ (३) को (क) मा तोकिए बमोजिमको दरखास्त दस्तूर विभागमा बुझाउनु पर्छ ।

१८. ट्रेडमार्कको दर्ताः– (१) दफा १७ बमोजिम ट्रेडमार्कको दर्ताको निमित्त कसैको दरखास्त परेमा सो ट्रेडमार्क दरखास्तवालाको नाममा दर्ता गरी अनुसूची २ (ग) बमोजिमको प्रमाण पत्र दिनु पर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर– त्यस्तो ट्रेडमार्कबाट कुनै व्यक्ति वा संस्थाको प्रतिष्ठामा धक्का पर्ने वा सर्वसाधारण जनताको सदाचार वा नैतिकता वा राष्ट्रिय हितमा नराम्रो असर पर्ने वा अरू कसैको ट्रेडमार्कको ख्यातिमा धक्का पर्ने सम्भावना छ भन्ने लागेमा वा सो ट्रेडमार्क पहिले अरू कसैको नाममा दर्ता भै सकेको देखियमा सो ट्रेड मार्क दर्ता गरिने छैन ।

(२) उप-दफा (१) बमोजिमको प्रमाणपत्र प्राप्त गर्नको निमित्त ट्रेडमार्कको दर्ता दस्तूर वापत दरखास्तवालाले अनुसूची ३ (३) को (ख) मा तोकिए बमोजिमको दर्ता दस्तूर विभागमा बुझाउनु पर्छ ।

(३) उप-दफा (१) को प्रतिवन्धात्मक वाक्यांशमा लेखिएको कुनै अवस्था छ भन्ने लागेमा विभागले दर्ता भएको कुनै ट्रेडमार्कको दर्ता वदर गर्न सक्नेछ ।

तर सो बमोजिम कुनै ट्रेडमार्क वदर गर्नु भन्दा अगावै विभागले सो ट्रेडमार्कवालालाई सो ट्रेडमार्क वदर हुनु नपर्ने कुनै कारण भए देखाउन मनासिव माफिकको मौका दिनु पर्छ ।

१९. दफा १७ उल्लंघन गर्ने व्यक्तिलाई हुने सजाय:– कसैले दफा १६ को उप-दफा (२) उल्लंघन गरेमा वा दफा १८ को उप-दफा (३) बमोजिम वदर भएको वा विभागले लिखित आदेश दिई चलाउन मनाहि गरेको ट्रेडमार्क चलाएमा निजलाई विभागको आदेशले दुई सय रूपैयाँसम्म जरिवाना हुन सक्नेछ र सो कसूर सम्बन्धी सबै चीज बस्तु जफत हुनेछ ।

परिच्छेद–५

विविध

२०. वारिस मुकरर गर्न पाउने:– यस ऐन बमोजिम आफूले गर्नुपर्ने कुनै काम कारवाई गर्नको निमित्त कुनै व्यक्तिले आफ्नो वारिस मुकरर गर्न सक्नेछ र सो वारिसद्वारा भएको सबै काम कारवाई निजले नै गरेको मानिनेछ ।

२१. दर्ता भएको पेटेण्ट प्रकट गर्न नहुने:– यस ऐन बमोजिम विभागमा दर्ता भएको पेटेण्ट विभागले सरोकारवाला व्यक्तिको लिखित मञ्जूरीले वा सम्बन्धित सरकारी कर्मचारीलाई बाहेक कसैलाई प्रकट गर्न वा कुनै किसिमले प्रकाशित गर्न हुँदैन ।

२२. विभागले दर्ता किताव खडा गर्ने:– यस ऐन बमोजिम दर्ता भएको र दर्ता वदर भएको समेत देखिने गरी विभागले पेटेण्ट, डिजायन र ट्रेडमार्कका सम्बन्धमा छुट्टा छुट्टै किताव खडा गर्नु पर्छ ।

२३. विदेशमा दर्ता भईसकेको पेटेण्ट, डिजाईन र ट्रेडमार्कको दरखास्त र दर्ता दस्तुर:– दफा ४, ७, १३, १४, १७, र १८ मा जुनसुकै कुरा लेखिएको भए तापनि श्री ५ को सरकारले अन्यथा निर्णय गरेमा बाहेक विदेशमा दर्ता भइसकेको कुनै पेटेण्ट, डिजाईन वा ट्रेडमार्क यस ऐन बमोजिम दर्ता गर्दा गराउंदा अनुसूची ३ मा

आधिकारिकता सुदृढ विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

लेखिएको दरखास्त र दर्ता दस्तुरको दोब्बर दस्तुर प्रचलित सटही दरले हुने विदेशी मुद्रामा लिइनेछ ।

२४. प्रमाणपत्रको नक्कलः— पेटेण्ट, डिजायन वा ट्रेडमार्कको दर्ताको प्रमाणपत्र हराएमा पाँच रूपैयाँ दस्तूर तिरी विभागबाट प्रमाणपत्रको नक्कल लिन पाइनेछ ।

२५. हर्जानाः— यस ऐन बमोजिम दर्ता भएको कुनै पेटेण्ट, डिजायन वा ट्रेडमार्कका सम्बन्धमा कसैले यस ऐनको उल्लंघन गरेबाट पेटेण्ट, डिजायन वा ट्रेडमार्कको दर्तावालाले वास्तविक रूपमा सहनु परेको नोक्सानीको उचित रकम सो उल्लंघन गर्ने व्यक्तिबाट दर्तावालालाई विभागले हर्जानाको रूपमा भराई दिन सक्नेछ ।

२६. यसै ऐन अन्तर्गत दर्ता भएको मानिनेः— यो ऐन लागू हुनु अघि १९९३ सालमा जारी भएको पेटेण्ट, डिजायन र ट्रेडमार्क कानून बमोजिम दर्ता भएका पेटेण्ट, डिजायन र ट्रेडमार्कहरू यो ऐन लागू भएको मितिदेखि यसै ऐन बमोजिम दर्ता भएको मानिने छन् ।

२७. अपील लाग्न सक्नेः— यस ऐन बमोजिम विभागको आदेशमा चित्त नबुझ्ने व्यक्तिले ३५ दिन भित्र अञ्चल अदालतमा अपील गर्न सक्नेछ ।

२८. खारेजीः— सम्बत १९९३ सालमा जारी भएको पेटेण्ट डिजायन र ट्रेडमार्क कानून खारेज गरिएको छ ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची–१

(क) पेटेण्ट दर्ताको निमित्त दिने दरखास्तको नमूना

श्री ... ...

म। हामी ... ... वस्तुको आविष्कारक भएकोले सो वस्तु सम्बन्धी सिद्धान्त फर्मुला र नक्सा औ विवरण फोटो ब्लक समेत सामेल राखी दरखास्त दस्तुर सहित ... ... वर्षको निमित्त पेटेण्ट पाउन दरखास्त दिएको छु। छौं र लाग्ने दस्तुर दिई मेरो। हाम्रो नाममा पेटेण्ट दर्ता गरी प्रमाण–पत्र दिनु हुन अनुरोध गर्दछु। छौं।

साछी १. ... ... दरखास्तवालाको सहि

२. ... ... ठेगाना.....

मितिः– ....

(ख) डिजायन दर्ताको निमित्त दिइने दरखास्तको नमूना

श्री .....

साथै नत्थी भएको नमूनाको ... ...माल मैले। हामीले बनाएकोले त्यसको प्रमाण र दरखास्त दस्तुर समेत सामेल राखी दरखास्त गरेकोछु। छौं। मेरो। हाम्रो नाउंमा डिजायनको लाग्ने दर्ता दस्तुर लिई दर्ता गरी दिनु भै त्यसको प्रमाण–पत्र म। हामीलाई दिनुहुन अनुरोध गर्दछु। गर्दछौं।

साछि १ ... .दरखास्तवालाको सही

२ .....ठेगानाः– ....

मितिः– ... .

(ग) ट्रेडमार्क दर्ताको निमित्त दिइने दरखास्तको नमूना।

श्री ... ...

साथै नत्थी भएको ट्रेडमार्क मैले। हामीले मालमा लगाउने भएको। लगाई राखेकोले लाग्ने दरखास्त दस्तूर र ट्रेडमार्कको ४।४ प्रति समेत राखी दरखास्त गरेको छु। छौं प्रमाणपत्र दिनु हुन अनुरोध गर्दछु। गर्दछौं।

साक्षी १. ... ... दरखास्तवालाको सही

२. ... ... ठेगानाः– ... ...

मितिः– ... ...

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची–२

(क) पेटेण्ट दर्ताको प्रमाणपत्रको नमूना

श्री ५ को सरकार

पत्रसंख्याः– मितिः–

पेटेण्ट दर्ताको प्रमाणपत्र

... ... लाई ... ... बस्तुको पेटेण्ट अधिकार आजको मितिले ... ... वर्षको निमित्त पाउने गरी पेटेण्ट, डिजायन र ट्रेडमार्क ऐन, २०२२ को दफा ७ अनुसार पेटेण्ट दर्ता गरी यो प्रमाणपत्र दिइएको छ ।

डाइरेक्टर वा अफिसरको दस्तखत

(ख) डिजायन दर्ताको प्रमाणपत्रको नमूना

श्री ५ को सरकार

पत्र संख्याः– मितिः–

डिजायन दर्ताको प्रमाणपत्र

... ... लाई साथै नत्थी गरिएको नक्सा बमोजिमको नमूनाको माल बनाउन पाउने गरी पेटेण्ट डिजायन र ट्रेडमार्क ऐन, २०२२ को दफा १४ अनुसार डिजायन दर्ता गरी यो प्रमाणपत्र दिइएको छ ।

डाइरेक्टर वा अफिसरको दस्तखत

(ग) ट्रेडमार्क दर्ताको प्रमाणपत्रको नमूना

संख्याः– मितिः–

ट्रेडमार्क दर्ताको प्रमाणपत्र

... ... लाई साथै नत्थी गरिएको प्रिण्ट लेबूल आफ्नो उत्पादन ..... मालमा लगाउन पाउने गरी पेटेण्ट, डिजायन र ट्रेडमार्क ऐन, २०२२ को दफा १८ अनसार ट्रेडमार्क दर्ता गरी यो प्रमाणपत्र दिइएको छ ।

डाइरेक्टर वा अफिसरको दस्तखत

२८६
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची–३

पेटेण्ट, डिजायन र ट्रेडमार्कको दरखास्त र दर्ता दस्तुर

(१) पेटेण्टः–	(क)	दरखास्त दस्तुर रु. ----------५।-
	(ख)	दर्ता दस्तुर रु. ----------१५०।-
(२) डिजायनः–	(क)	दरखास्त दस्तुर रु. ----------५।-
	(ख)	दर्ता दस्तुर रु. ----------५०।-
(३) ट्रेडमार्कः–	(क)	दरखास्त दस्तुर रु. ----------५।-
	(ख)	दर्ता दस्तुर रु. ----------४०।-

लालमोहर सदर मिति २०२२।५।१४।२

आज्ञाले–
विनोदप्रसाद धिताल
श्री ५ को सरकारको सचिव।

मुद्रण विभाग, सिंहदरबार

श्री५ को सरकारको छापाखानामा मुद्रित।
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

२८८
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।